नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४५१४३९१

पो.ब.नं.४०७
लाजिम्पाट , काठमाडौं

## प्रेस विज्ञप्ती-२६

### " बाँसवारी छाला जुत्ता कारखानाको १० रोपनी जग्गा ठगी गर्ने पक्राउ "

मालपोत कार्यालय डिल्लीबजारको मिति २०३७/०७/२० को निर्णयले बाँसबारी छाला तथा जुत्ता कारखाना लि. को नाममा श्रेस्ता कायम भएको काठमाडौ जिल्ला साविक नगर २२ (छ) कि.नं. ५० को १८-३-२-०जग्गा श्री ५ को सरकारको निर्णय बिना संचालक समितिलाई समेत कारखानाको नाममा श्रेस्ता कायम भएको जग्गा बेचबिखन गर्ने कुनै अधिकार नभएको अवस्था कानून बिपरीत संचालक समितिले आफुलाई फाईदा र श्री ५ सरकारलाई हानी नोक्सानी गर्ने उदेश्यले मिति २०४३/०५/१०गते बाँसबारी छाला जुत्ता कारखानाको तर्फवाट कार्यकारी अध्यक्ष अजित नारायण सिंह थापाले अरुण चौधरी समेत संचालक रहेको च्याम्पियन फुटवयेर लि.को नामक कम्पनी खडा गरी सो कम्पनीको जारी पूँजी ५० लाख को २५% शेयर लिने गरी क्यानभास जुत्ता उत्पादन गर्ने भनी कारखानाको नाममा श्रेस्ता कायम रहेको जिल्ला काठमाडौ साविक नगर २२ (छ) कि.न. ५० को १८-३-२-० जग्गा मध्येको १० रोपनी जग्गाको हक हस्तान्तरण गरेको, च्याम्पियन फुटवयेर लि.को जारी पूँजी ५० लाख रहेकोमा सो पूँजीको २५% शेयर लिने गरी तत्कालिन संचालक समितिले निर्णय गरेको, सम्झौता वमोजिम रु. १२ लाख पचास हजार लगानी गर्नु पर्नेमा २६,००,२७८।२१ लगानी गरी श्री ५ को सरकारलाई हानी नोक्सानी पुर्याई आफूहरुले आर्थिक लाभ लिएको सम्बन्धमा साविक मुलुकी ऐन २०२० को किर्ते कागज र ठगीको महललाई निरन्तरता दिएको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ र २७६ बमोजिमको कसुर अनुसन्धानको लागी निम्न मानिसहरुलाई पक्राउ गरी कानून बमोजिम अनुसन्धान भई रहेको ब्यहोरा अनुरोध गरिन्छ।

**पक्राउ व्यक्तिको विवरण :**

१. **नामथर**: अजित नारायण सिंह थापा (८० बर्ष )
**ठेगाना:** जिल्ला काठमाडौ का.म.पा. वडा नं. ९ तत्कालिन बाँसवारी छाला जुत्ता कारखाना लि.को कार्यकारी अध्यक्ष।

२. **नामथर:** अरुण कुमार चौधरी ( ६० बर्ष )
**ठेगाना**: जिल्ला काठमाडौ का.म.पा. वडा नं. २६ तत्कालिन च्याम्पियन फुटवयेर लि./ प्रा.लि.का शेयर धनी तथा संचालक।

३. **नाम थर :** संजय ठाकुर (४५वर्ष )
**ठेगाना** : महोत्तरी जिल्ला महोत्तरी गांउपालिका वडा नं. १ च्याम्पियन फुटवेयर प्रा.लि./ सि.जि. चांदवारा रेसिडेन्सी प्रा.लि.का संचालक।

**मिति:२०८०/१०/१८गते**
**ने.स.११४४ पोहेलागा,६ बिहीवार**

**प्रवक्ता एवं सूचना अधिकारी**
**(नवराज अधिकारी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर ९८५१२८११५८**



CamScanner